भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
शैक्षिक प्रशासन महाशाखाको
कक्षा ११ मा छात्रवृत्तिका लागि आवेदन भर्ने सम्बन्धी सूचना
प्रकाशन मिति २०७९/०४/१२

शैक्षिक सत्र २०७९ मा महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालय र सामुदायिक क्याम्पसमा कक्षा ११ मा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७५ (संशोधन सहित) को दफा ५ को उपदफा ३(१) बमोजिम छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनोटका लागि इच्छुक विद्यार्थीहरूबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ( मिति २०७९ श्रावण २६ गते बेलुका ५:०० बजेभित्र) देहायका कागजात सहित अनलाइन आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

यस महानगरपालिकाको वेबसाइट WWW.bharatpurmun.gov.np मा गई आवेदन फाराम लिङ्क https://forms.gle/52v9Jk3uLDosNdkRA मा मागिएका पूरा विवरण भरी पेश गर्नु पर्नेछ । साथै आवेदन फारामसाथ देहायका कागजात अनिवार्यरुपमा अपलोड गर्नु पर्नेछ ।

१. SEE को ग्रेड सिट
२. अपाङ्गता भएको विद्यार्थीको हकमा अपाङ्गता परिचयपत्र
३. आदिवासी, जनजाति र दलित विद्यार्थीको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित कागजात
४. सहिदका सन्तति, जनआन्दोलनका घाइतेका सन्तति, वेपत्ता परिवारका सन्तति र मधेस आन्दोलनका घाइतेका सन्ततिको जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित कागजात ।
५. गरिव तथा विपन्न कोटामा आवेदन दिन सम्बन्धित वडाबाट विपन्न परिवारको सदस्य भएको सिफारिस पत्र ।

शैक्षिकप्रशासन महाशाखा
भरतपुर महानगरपालिका